भेरीगंगा नगरपालिका

# नगर कार्यापालिकाको कार्यालय

सुर्खेत

कर्णाली प्रदेश, नेपाल

भेरीगंगा नगरपालिका अर्न्तगतका मुख्य ६ वटा नदिबाट ढुंगा, गिट्टी, वालुवा मिस्कट आदि नदिजन्य पदार्थहरु उत्खनन तथा संकलन गर्ने प्रयोजनका लागि

**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन सम्बन्धी**

## सार्बजनिक सूचना

## (प्रथम पटक प्रकाशित मिति ०७५/३/२२)

**प्रस्ताबकको नाम :** भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय , सुर्खेत

**प्रस्ताबित नदिहरुको नाम :** भेरीगंगा नगरपालिकामा पर्ने १. भेरी नदी २. कालपानी मोहटी खोला ३. छिन्चू खोला ४. डुङ्गी खोला ५. नाच्ने खोला र ६. झिङनी खोलाका विभिन्न घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन ।

**प्रस्ताबको ब्यहोरा :** भेरीगंगा नगरपालिकामा पर्ने भेरी नदी, नाच्ने खोला, छिन्चू खोला, डुङ्गी खोला, कालपानी मोहटी खोला र झिङनी खोलाका विभिन्न घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्ने प्रयोजनका लागि वातावरण संरक्षण नियमावली २०५४ को अनुसूची १ (इ) को विषय न. ५ बमोजिम आ.ब. २०७५/०७६ मा प्रति बर्ष करीव ८१०२०.४ घनमिटर (औषत ३०० घनमिटर रहने गरी) उत्खनन् तथा संकलन गर्ने प्रस्ताब कार्यान्वयनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययनको सिलशिलामा निम्न क्षेत्रसँग सम्बन्धीत सवालहरुको बारेमा प्रस्ताब कार्यान्वयन हुने क्षेत्रका ब्यक्ति वा सस्थाको जैविक, भौतिक, आर्थिक, सामाजिक एवं वातावरणका पक्षमा पर्न सक्ने प्रभाब सम्बन्धी राय सुझाब लिनु पर्ने भएकाले सोहि नियमावलीको नियम ४ अनुसार यो सूचना प्रकाशित गरिएको छ । नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्ने स्थानहरु माथि उल्लेख गरिएको छ । यसबाट प्रभाब पर्न सक्ने वडाहरुमा

(१) **भेरी नदी - वडा न. १, २, ८, ९, ११ र १३** (२) **झिङनी खोला - वडा ६, ७, ८ र ९**
(३) **नाच्ने खोला - वडा न. ६ र ९** (४).**छिन्चू खोला - वडा न. २, ३, ४, ५,१०, १२ र १३**
(५) **डुङ्गी खोला - वडा नं.३, ४ र १२ र** (६) **कालपानी मेहटी खोला - वडा नं. १ र २ रहेका छन्** । माथिको प्रस्ताब कार्यान्वयनबाट प्रभाब पर्न सक्ने माथि उल्लेखित वडाका विद्यालय, स्वास्थ्य सस्थाहरु, सरोकारवाला संघसस्था र ब्यक्तिहरु यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाब उपलब्ध गराइदिन हुन अनुरोध छ ।

**प्रस्ताबक :** भेरीगंगा नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,छिन्चू सुर्खेत

**फोन न:** ०८३-५४०१५४/९८५८०६४१११ (मोबाइल)

**इमेल:** info@bheriganganmun.gov.np

**फ्याक्स:** ०८३-५४०१५४